# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs                                                                Date: 09.12.2024

मल्ली  देन्ताम रेलवे लाइन

केन्द्रीय रेल मन्त्री श्री अश्वनी वैष्णवले रेल मन्त्रालयका अधिकृतहरूलाई सिक्किममा मल्ली-देन्ताम नयाँ रेल मार्गका निम्ति प्रारम्भिक समभावना अध्ययन गर्ने निर्देश दिनुभएको छ। मन्त्रीले अध्ययनपछि यथाशीघ्र रिपोर्ट तयार पार्ने निर्देश पनि दिनुभएको छ। सिक्किममा लोकसभा सांसद डा. इन्द्रहाङ सुब्बाले आज राज्यको पश्चिमी क्षेत्र मल्ली-जोर्थाङ –लेग्शेप –देन्ताममा नयाँ रेल मार्गको सभ्याव्यता अध्ययन र निर्माण सम्बन्धी प्रस्ताव राख्नु भएपछि केन्द्रीय रेल मन्त्रीले यस्तो निर्देश दिनु भएको हो। अहिले सिक्किमलाई राष्ट्रिय रेल मानचित्रसँग जोड्ने सिभोक रम्फू रेल मार्गको निर्माण कार्य पूरा हुनै लागेको छ।

पिएम –पानीपत

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले महिलाहरूमा वित्तीय साक्षरता र बीमा जागरूकतालाई प्रोत्साहित गर्न हरियाणाको पानीपतमा आज बीमा सखी योजना शुभारम्भ गर्नुभयो। भारतीय जीवन बीमा निगमको यस पहलद्वारा अठारदेखि सत्तरी वर्षसम्मको आयुका महिलाहरूको सशक्तीकरण हुनेछ। यो योजना अन्तर्गत दशौं श्रेणी उत्तीर्ण महिलाहरूलाई विशेषज्ञता प्रशिक्षण दिइनेछ र पहिलो तीन वर्षका लागि मासिक भत्ता दिइनेछ।

प्रधानमन्त्रीले भावी बीमा सखीहरूलाई नियुक्ति प्रमाणपत्र वितरण गर्नुभयो यस अवसरमा बोल्दै श्री मोदीले भन्नुभयो उहाँको सरकारले पछिल्ला दस वर्षमा महिला सशक्तिकरणका लागि अभूतपूर्व पाइला चालेको छ। प्रधानमन्त्रीले भन्नुभयो देशले बीमा सखी योजनाको शुभारम्भसितै महिला सशक्तिकरणको दिशामा अझै एक कदम अघि बढ़ाएको छ।

श्री मोदीले महिलाहरूलाई सशक्त बनाउन अझै अवसर प्रदान गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो। प्रधानमन्त्रीले भन्नुभयो उहाँले केही वर्ष अघि पानीपतबाट नै बेटी बचाओं बेटी पढाओ अभियान शुरू गर्नुभएको थियो र यस अभियानको हरियाणामा मात्र नभएर देशभिरमा सकारात्मक प्रभाव पर्यो। आफ्नो वक्तव्यमा केन्द्रीय वित्त मन्त्री श्रीमती निर्मला सीतारमले भन्नुभयो- सरकारले बीमा सखी योजना अन्तर्गत तीन वर्षमा दुई लाख भन्दा अधिक महिलाहरूको भर्तीको लक्ष्य निर्धारित गरेको छ। उहाँले भन्नुभएको छ यसमा आयु कुनै प्रकारको रोकावट हुने छैन र अठार देखि सत्तरी वर्षसम्मका महिलाहरूले यसको लाभ उठाउन सक्नेछन्। वित्तमन्त्रीले भन्नुभयो महिलाहरूको कल्याण र सशक्तिकरणसित सम्बन्धित योजनाहरूका लागि तीन लाख तीस हजार करोड़ रूपियाँको राशि निर्धारित गरिएको छ।

SICUN meeting

सिक्किम राज्य सहकारी संघ SICUN को एकसाठीऔं बोर्ड  बैठक आज  आसाम लिङजेमा बस्यो। यसमा बोल्दै संघका अध्यक्ष डा. मंगलजीत राईले संगठनको उद्देश्य र कार्ययोजनाबारे जानकारी दिनुभयो। उहाँले भन्नुभयो सिक्किम राज्य सहकारी संघले तृणमूल स्तरका सहकारी समितिहरूलाई समृद्ध बनाउन चाहन्छ। आफ्नो वक्तव्यमा सहकारिता विभागकी सचिव सुश्री ग्लोरिया नाम्चुले समग्र विकासका निम्ति विभिन्न सहकारी समितिहरूमा सहकार्यलाई सुदृढ़ बनाउनुपर्ने खाँचोमाथि बल दिनुभयो।बैठकमा बोल्दै पाकिमका जिल्लाधीश श्री रोहण अगवानेले भन्नुभयो हर्दी र मह जस्ता उच्च मूल्यका उत्पादहरूमा ध्यान केन्द्रित गरेर निर्यात बजारका लागि यी उत्पादहरूको गुणस्तर बढाउन आवश्यक छ।उहाँले आँउदा दिनहरूमा संगठनलाई यसको उद्देश्य पूरा गर्नमा आवश्यक सहयोग गर्ने आश्वासन दिनुभयो।बैठकमा संगठनका उपलब्धिहरू र क्रियाकलापहरूबारे पनि चर्चा भयो।

प्रेसिडेन्ट ह्युमन राइट

भोलि राष्ट्रिय मानवाधिकार दिवस मनाइनेछ। यस अवसरमा नयाँ दिल्लीमा राष्ट्रिय मानवाधिकार आयोग एचएचआरसी द्वारा आयोजना गरिने समारोहलाई राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले सम्बोधन गर्नुहुनेछ।यो वर्ष यसको विषय छ 'हाम्रो अधिकार हाम्रो भविष्य,

वर्तमानमा’ छ ।यस विषयले मानवाधिकार आकाक्षांत्मक मात्र नभएर व्यक्ति तथा समुदायको असल भविष्यका लागि उनीहरूलाई सशक्त बनाउने एउटा व्यावहारिक साधन पनि हो भन्ने कुरो स्पष्ट गर्छ।

रोलु दिवस

गान्तोक समष्टिमा सोह्रौं रोलु दिवस समारोहको तयारीका निम्ति समन्वय बैठक आज गान्तोकमा बस्यो। विधायक श्री दिले नाम्गेल बरफुङ्गपाले अध्यक्षता गर्नुभएको बैठकमा अन्य बाहेक SIMFED का अध्यक्ष श्री तेञ्जिङ दोर्जी भुटिया र गान्तोक जिल्ला अध्यक्ष श्रीमती छुङछुङ भुटिया उपस्थित हुनुहुन्थ्यो। पार्टीका नेताहरूले सबै समर्थकहरूसित समारोहमा उपस्थित रहेर यसलाई सफल बनाउने आग्रह गरेका छन्।

एल एस- एग्रिकल्चर लोन

केन्द्र सरकारले भन्नुभएको छ देशमा साना र सीमान्त कृषकहरूका लागि कृषि ऋण लगातार बढिरहेछ ।लोकसभामा एउटा प्रश्नको लिखित उत्तरमा वित्त मन्त्री श्रीमती निर्मला सीतारमनले भन्नुभएको छ पछिल्ला तीन वर्षमा साना र सीमान्त कृषकहरूको कृषि ऋण खाताहरूको संख्या 2023-2024 मा बढेर तेह्र दशमलउ शून्य छ करोड़ भएको छ।उहाँले भन्नुभएको छ 2021-2022 मा यो एघार दशमलउ छ सात करोड़ र 2022-2023 मा बाह्र दशमलउ तीन आठ  करोड़ थियो।